कृषि तथा वन विज्ञान विश्वविद्यालय
# कृषि संकाय
डीनको कार्यालय
रामपुर, चितवन, नेपाल

मितिः २०७२/०८/२३

## कृषि स्नातकोत्तर (M.Sc.Ag., M.Sc. Biotechnology) तहको विद्यार्थी भर्नाको म्याद थप सम्वन्धी सूचना

मिति २०७२-०७-२३ गते प्रकासित कृषि स्नातकोत्तर (M.Sc.Ag., M.Sc. Biotechnology) तहको विद्यार्थि भर्ना सम्बन्धि सूचना अनुसार (M.Sc. Biotechnology) विषयमा न्यून विद्यार्थिहरुको आवेदन परेको हुँदा उक्त विषयको लागि पुनः आवेदन फारम भर्ने लगायतको विषयमा म्याद थप गरेको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ । तसर्थ शैक्षिक सत्र २०७२/०७३ का लागि यस विश्वविद्यालय अन्तर्गत M.Sc. Biotechnology तहको शैक्षिक कार्यक्रममा कृषि संकाय, रामपुर, चितवनमा अध्ययन गर्न चाहने आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका विद्यार्थीहरुको लागि आवेदन दिन तथा भर्ना सम्वन्धी कार्यक्रम देहाय बमोजिम परिमार्जित भएको व्यहोरा जानकारी गराईन्छ । आवेदकले आवेदन फारम साथ आफ्नो शैक्षिक योग्यताको प्रमाणपत्र, लब्धाङ्क पत्र, चारित्रिक प्रमाणपत्र र नागरिकताको प्रमाणपत्रको प्रतिलिपीहरु र हालसालै खिचेको पासपोर्ट साइजको फोटो ३ (तीन) प्रति संलग्न गर्नु पर्नेछ । साथै नेपाल सरकारबाट स्थापना भएका विश्वविद्यालय तथा शैक्षिक संस्थाहरु बाहेक अन्य विश्वविद्यालयवाट एस.एल.सि./प्रविणता प्रमाणपत्र तह/स्नातक तह वा सो सरह उर्त्तीण गर्ने आवेदकहरुले समानस्तर निर्धारणको प्रमाण र मुल प्रमाणपत्र **(Certificate)** वा अस्थायी प्रमाणपत्र **(Provisional Certificate)** को प्रतिलिपी समेत पेश गर्नुपर्नेछ ।

**१) आवश्यक न्युनतम शैक्षिक योग्यता**

क) **M.Sc. Biotechnology (Agriculture)** को लागिः

- **B.Sc.Ag.** वा सो सरहको परीक्षा उर्त्तीण गरेको साथै न्यूनतम **Schooling** १६ वर्ष हुनु पर्नेछ ।

ख) **M.Sc. Biotechnology (Veterinary)** को लागिः

- **B.V.Sc. & A.H.** वा सो सरहको परीक्षा उर्त्तीण गरेको साथै न्यूनतम **Schooling** १७ वर्ष हुनु पर्नेछ ।

**२) आवेदन फारम शुल्कः** रु. ५००।- (पाँच सय रुपैया) मात्र लाग्नेछ ।

**३) प्रवेश परीक्षा शुल्कः** रु. १,५००।- (एक हजार पाँच सय रुपैया) मात्र लाग्नेछ ।

उक्त आवेदन फारम र प्रवेश परीक्षाको जम्मा शुल्क : रु. २०००।- (दुई हजार) ने.वै.लि., रामपुरमा कृषि संकायको नाममा रहेको चल्ति खाता नं. **००८५०००००४९०१** मा रकम जम्मा गर्नुपर्नेछ वा कृषि संकायको आर्थिक प्रशासन शाखामा रकम बुझाई रसिद लिनु पर्नेछ ।

४) **आवेदन फारम वितरण र बुझाउने मिति र स्थानः** मिति २०७२ मंसिर २३ गते देखि २०७२ पुष ७ गते कार्यालय समय भित्र (विदाको दिन बाहेक) डीनको कार्यालय, कृषि संकाय, रामपुरबाट आवेदन फारम लिन र बुझाउन सकिनेछ । साथै यस विश्वविद्यालयको वेभसाइट **www.afu.edu.np** बाट आवेदन फारम **Download** गर्न सकिनेछ ।

५) संलग्न हुनुपर्ने आवश्यक कागजपत्रहरु र बैंकमा रकम जम्मा गरेको बैंक भौचर वा कृषि संकायको आर्थिक प्रशासन शाखाबाट रकम जम्मा गरेको रसिद आदि अपुग भएमा वा हुलाकवाट पठाईएको वा अन्य ठाउमा दर्ता गरिएको वा वुझाएको वा अन्य माध्यमवाट पठाएको आवेदन फारम उपर कुनै कारवाही गरिने छैन । साथै कुनै कारणवस कुनै कागजपत्र अपुग भएमा बैंकमा जम्मा गरेको वा रसिद काटेको रकम फिर्ता हुनेछैन् ।

६) **प्रवेश परीक्षा हुने मिति र स्थानः**

२०७२ पौष ९ गते विहान ११:०० बजे । डीनको कार्यालय, कृषि संकाय, रामपुर, चितवन ।

७) **प्रवेश पत्र वितरण मिति र स्थानः**

२०७२ पुष ९ गते बिहान ७:०० बजे देखि १०:०० बजेसम्म । डीनको कार्यालय, कृषि संकाय, रामपुर, चितवन ।

८) **प्रवेश परीक्षाको नतिजा प्रकाशनः** २०७२ पुष ९ गते

९) **भर्नाको नामावली प्रकाशन मितिः** २०७२ पुष ९ गते

९) **भर्ना मिति** : २०७२ पुष १२ गते विहान ११:०० बजे देखि

१०) **भर्नाको आधारः** प्रवेश परीक्षाको प्राप्ताङ्क ९०% र स्नातक तहको प्राप्ताङ्कको प्रतिशतलाई १०% अङ्क भार दिइनेछ । सोको आधारमा योग्यता क्रमको सूची तयार गरी योग्यताको क्रम अनुसार नै भर्नाको लागि नामावली प्रकाशित गरिनेछ । प्रवेश परीक्षाको उर्त्तिर्णाङ्क तोकिएको छैन ।

११) **M.Sc. Biotechnology (Agriculture)** को लागि स्नातक तहको पाठ्यक्रमवाट निम्न विषयहरुमा कुल ९० वटा प्रश्नहरु समावेश गरि प्रवेश परीक्षाको प्रश्नपत्र तयार गरिनेछ र सबै प्रश्नहरु बहुछनौटिय बस्तुगत किसिम **(Multiple Choice Objective Type)** को हुनेछ । साथै परीक्षा समय एक (१) घण्टा र १५ (पन्ध्र) मिनेटको हुनेछ । विषयहरु र प्रश्न संख्या निम्नानुसारका हुनेछन् ।

क) वाली विज्ञान : ९ ख) वागवानी विज्ञान : ९ ग) माटो विज्ञान : ९

घ) कीट विज्ञान : ९ ङ) वाली प्रजनन् : ९ च) वाली रोग विज्ञान : ९

छ) कृषि अर्थशास्त्र : ९ ज) कृषि प्रसार एंव ग्रामिण समाजशास्त्र : ९

झ) कन्जरभेसन ईकोलोजी र कृषि तथयाङ्क शास्त्र : ९

ञ) वायोकेमेष्ट्रि र वायोटेक्नोलोजी : ९!

१२) **M.Sc. Biotechnology (Veterinary)** को लागि स्नातक तहको पाठ्यक्रमवाट निम्न विषयहरुमा कुल १०० वटा प्रश्नहरु समावेश गरि प्रवेश परीक्षाको प्रश्नपत्र तयार गरिनेछ र सवै प्रश्नहरु बहुछनौटिय बस्तुगत किसिम **(Multiple Choice Objective Type)** को हुनेछ । साथै परीक्षा समय एक (१) घण्टा र १५ (पन्ध्र) मिनेटको हुनेछ । विषयहरु र प्रश्न संख्या निम्नानुसारका हुनेछन् ।

| | | |
|---|---|---|
| क) वायोकेमेष्ट्रि : १० | ख) वायो स्टास्टिक्स् : १० | ग) भेट मेडिसिन : ५ |
| घ) भेट प्याथोलोजी : १० | ङ) थेरियोजिनोलोजी : १० | च) माईक्रोवायोलोजी : १० |
| छ) भेट प्यारासाईटोलोजी : ५ | ज) ईम्युनोलोजी : १० | झ) भेट फार्मकोलोजी : ५ |
| ञ) भेट फिजियोलोजी : ५ | ट) एनिमल साईन्स : १० | ठ) वायोटेक्नोलोजीः १० |

**१३)** स्नातकोत्तर तह **(M.Sc.Ag.)** मा अध्यापन गराईने तपशिलका विषयहरुमा तपशिलको संख्यामा जम्मा १०४ जना विद्यार्थी भर्ना लिइनेछ । उपरोक्त संख्या विश्वविद्यालय संग नेपाल सरकार, नेपाल कृषि अनुसन्धान परिषद् तथा अन्य संघ संस्थावाट **MOU** भए बमोजिम मनोनयन भई आउने व्यक्तिहरु उल्लेखित विषयहरुमा समावेश गरिएको छैन ।

| | | |
|---|---|---|
| क) वाली विज्ञान : १२ **(Agronomy-8, Weed Science-4)** | ख) वागवानी विज्ञान : १२ | ग) माटो विज्ञान : ९ |
| घ) कीट विज्ञान : ६ | ङ) वाली प्रजनन् : १२ | च) वाली रोग विज्ञान : ५ |
| छ) कृषि अर्थशास्त्र : १२ | ज) कृषि प्रसार : ६ | झ) ग्रामिण समाजशास्त्र : ६ |
| ञ) कन्जरभेसन ईकोलोजि : ६ | ट) स्नातकोत्तर तह (M.Sc. Biotechnology)<br>– कृषि : ३ / भेटेरिनरि : ३ ! | |

**१४)** आवेदन फारम बुझाउदा निम्न लिखित कागजपत्रहरु क्रमवद्ध रुपमा राखी बुझाउनु पर्नेछ ।

क) आवेदन फारम, हालसालै खिचेको पासपोर्ट साइजको फोटो ३ (तीन) प्रति र यसको साथमा बैंक भौचर वा रसिद

ख) नेपाली नागरिकताको प्रमाणपत्र

ग) एस.एल.सी. परीक्षाको लब्धाङ्क पत्र

घ) एस.एल.सी. परीक्षाको चारित्रिक प्रमाण पत्र

ङ) प्रमाणपत्र तहको लब्धाङ्क पत्र

च) प्रमाणपत्र तहको चारित्रिक प्रमाण पत्र

छ) स्नातक तहको लब्धाङ्कपत्र

ज) स्नातक तहको चारित्रिक प्रमाण पत्र

झ) प्रमाणपत्र/स्नातक तहरुको मुल/अस्थायी प्रमाणपत्र

ञ) समानस्तर निर्धारणको प्रमाण

**१५)** भर्ना हुन आउदा आवेदन फारममा संलग्न सम्पूर्ण प्रमाणपत्रहरुका प्रतिलिपिहरुको सक्कलै प्रमाणपत्रहरु अनिवार्य रुपमा ल्याउनु र बुझाउनु पर्नेछ साथै जुन विषयमा भर्ना भएको हो सो भर्ना अन्य विषयमा परिवर्तन गरिने छैन ।

१६) **Fee Structure** यस प्रकार हुनेछ :

| Particulars | M.Sc.Ag. | M.Sc. Biotechnology (Ag.) | M.Sc. Biotechnology (Vet.) |
|---|---|---|---|
| Competitive subsidized student fee (NRs.): | | | |
| Admission fee: | 10000 (one-time payment) | 10000 (one-time payment) | 10000 (one-time payment) |
| Semester fee: | 5000/semester | 5000/semester | 5000/semester |
| Tuition fee: . | 1000/credit hr | 1000/credit hr | 1000/credit hr |
| Total fee with minimum required credit hours: | NRs. 75000 | NRs. 79000 | NRs. 81000 |
| Competitive full pay student fee (NRs.): | | | |
| Admission fee: | 20000 (one-time payment) | 20000 (one-time payment) | 20000 (one-time payment) |
| Semester fee: | 10000/semester | 10000/semester | 10000/semester |
| Tuition fee: | 2000/credit hr. | 2000/credit hr. | 2000/credit hr. |
| Total fee with minimum required credit hours: | NRs. 150000 | NRs. 158000 | NRs. 162000 |

१७) अन्य विश्वविद्यालय वा शिक्षण संस्थावाट प्रमाण पत्र हासिल गरेका विद्यार्थीहरुले कृषि तथा वन विज्ञान विश्वविद्यालयमा नाम दर्ता **(AFU Registration)** गर्ने समयमा **Migration Certificate** को सक्कलै प्रति अनिवार्य रुपले बुझाउनु पर्नेछ । यदि उक्त **Migration Certificate** नबुझाई **AFU Registration** गर्न समस्या भएमा सोको जिम्मेवारी विश्वविद्यालयले लिने छैन ।

१८) अभिमुखीकरण कक्षा **(Orientation Class)** र कोर्ष रजिष्ट्रशन मिति २०७२ पौष ६ गते विहान ठिक ११:०० बजे पि.जि. भवनमा हुनेछ ।

१९) कक्षा संचालन मिति २०७२ पौष १३ गते हुनेछ ।

डीन
कृषि संकाय